# नेपाल राष्ट्र बैंक

## केन्द्रीय कार्यालय


# देशको वर्तमान आर्थिक स्थिति

***(आर्थिक वर्ष २०७०/७१ को वार्षिक तथ्याङ्कमा आधारित)***

## वास्तविक क्षेत्र

### कुल गार्हस्थ्य उत्पादन

१. आर्थिक वर्ष २०७०/७१ मा केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक अनुमान अनुसार देशको यथार्थ कुल गार्हस्थ्य उत्पादन वृद्धिदर आधारभूत मूल्यमा अघिल्लो आर्थिक वर्षको ३.५ प्रतिशतको तुलनामा ५.२ प्रतिशत रहेको अनुमान छ । त्यसैगरी उत्पादकको मूल्यमा कुल गार्हस्थ्य उत्पादन वृद्धिदर अघिल्लो वर्षको ३.९ प्रतिशतको तुलनामा समीक्षा वर्षमा ५.५ प्रतिशत रहेको अनुमान छ । समीक्षा वर्षमा कृषि तथा सेवा क्षेत्रको वृद्धिदरमा उल्लेख्य सुधार आएको अनुमान छ ।




२. समीक्षा वर्षमा कृषि क्षेत्र ४.७ प्रतिशत र गैर-कृषि क्षेत्र ५.३ प्रतिशतले विस्तार भएको अनुमान छ । अघिल्लो वर्ष कृषि क्षेत्र १.१ प्रतिशत तथा गैर-कृषि क्षेत्र ४.६ प्रतिशतले वृद्धि भएको थियो ।




३. समीक्षा वर्षमा मौसमी अनुकूलता एवम् रासायनिक मल तथा वीउ-विजनको सहज आपूर्ति लगायतका कारण समग्र कृषि क्षेत्रको उत्पादन वृद्धिदर सन्तोषप्रद रहेको छ । यस अवधिमा प्रमुख खाद्यान्न बालीहरुमध्ये धानको उत्पादनमा १२.० प्रतिशतले तथा मकैको उत्पादन ९.९ प्रतिशतले, गहुँको उत्पादन ६.१ प्रतिशतले, फलफूल तथा मसला बालीको उत्पादन ३.६ प्रतिशतले, मासु तथा दूध उत्पादन २.८ प्रतिशतले वृद्धि भएको अनुमान रहेको छ भने अन्य पशुजन्य उत्पादनमा ५.९ प्रतिशतले ह्रास आएको अनुमान छ ।

४. समीक्षा वर्षमा उद्योग क्षेत्र २.७ प्रतिशतले विस्तार भएको अनुमान छ । अघिल्लो वर्ष यस क्षेत्रको वृद्धिदर २.५ प्रतिशत रहेको थियो । उर्जा समस्या विद्यमान रहेतापनि औद्योगिक श्रम सम्बन्ध, शान्ति सुरक्षा लगायतका अन्य संरचनागत अवरोधहरुमा देखिएको क्रमिक सुधारका कारण समीक्षा वर्षमा उद्योग क्षेत्रमा केही विस्तार हुन गएको हो ।

५. समीक्षा वर्षमा सेवा क्षेत्र ६.१ प्रतिशतले वृद्धि भएको अनुमान छ, जुन अघिल्लो वर्ष ५.२ प्रतिशतले मात्र वृद्धि भएको थियो । थोक तथा खुद्रा व्यापार, होटल तथा रेष्टुरेन्ट, यातायात, भण्डारण तथा सञ्चार, वित्तीय मध्यस्थता, जन प्रशासन तथा रक्षा, शिक्षा एवं स्वास्थ तथा सामाजिक कार्य जस्ता उप-क्षेत्रहरुमा आएको विस्तारका कारण समीक्षा वर्षमा समग्र सेवा क्षेत्रको वृद्धिदरमा सुधार आएको हो ।

## कुल राष्ट्रिय खर्चयोग्य आय, उपभोग, बचत तथा लगानी

६. आर्थिक वर्ष २०७०/७१ मा कुल राष्ट्रिय खर्चयोग्य आय (Gross National Disposable Income) २०.४ प्रतिशतले वृद्धि भएको अनुमान छ । अघिल्लो वर्ष यस्तो आय १२.३ प्रतिशतले वृद्धि भएको थियो । आर्थिक वर्ष २०७०/७१ मा कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोगको अंश ९१.१ प्रतिशत र कुल बचतको अंश ८.९ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अंश क्रमशः ८९.९ प्रतिशत तथा १०.१ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा कुल गार्हस्थ्य उत्पादनमा कुल लगानीको अनुपात ३७.१ प्रतिशत रहेको छ, जुन अघिल्लो वर्ष ३६.९ प्रतिशत रहेको थियो । त्यस्तै, कुल गार्हस्थ्य उत्पादनमा राष्ट्रिय बचतको अनुपात ४६.४ प्रतिशत पुगेको छ जुन अघिल्लो वर्ष ४०.३ प्रतिशत मात्र थियो ।

## वैदेशिक लगानी

७. सरकारले वैदेशिक लगानीलाई उच्च प्राथमिकता दिएतापनि आर्थिक वर्ष २०७०/७१ मा वैदेशिक लगानी प्रतिबद्धता रकममा ०.९ प्रतिशतको सीमान्त वृद्धि देखिएको छ भने वैदेशिक लगानीका परियोजनाहरुको संख्यामा ३.८ प्रतिशतले ह्रास आएको छ । समीक्षा वर्षमा उद्योग विभागले रु. २० अर्ब १० करोडको वैदेशिक लगानी प्रतिबद्धता भएका कुल ३०५ वटा विदेशी संयुक्त लगानीका परियोजनाहरुलाई स्वीकृति प्रदान गरेको छ । विभागले अघिल्लो वर्ष रु. १९ अर्ब ९४ करोडको वैदेशिक लगानी प्रतिवद्धता भएका कुल ३१७ वटा यस्ता परियोजनाहरुलाई स्वीकृति प्रदान गरेको थियो ।

तालिकाः १

**प्रत्यक्ष वैदेशिक लगानी प्रतिवद्धता (क्षेत्रगत)**

| क्षेत्र | आ.व. २०६९/७० | | | आ.व. २०७०/७१ | | |
|---|---|---|---|---|---|---|
| | परियोजना (संख्यामा) | वैदेशिक लगानीको प्रतिवद्धता रकम (रु. करोडमा) | रोजगारी (संख्यामा) | परियोजना (संख्यामा) | वैदेशिक लगानीको प्रतिवद्धता रकम (रु. करोडमा) | रोजगारी (संख्यामा) |
| कृषि तथा वनजन्य | ४३ | ९१.४ | १७६० | ४७ | १०१.४ | १३९९ |
| निर्माण | १ | १०.० | ११० | ०.० | ०.० | ० |
| उर्जा | ६ | २७५.५ | ४०८ | १० | १११८.६ | ९३९ |
| उत्पादनमूलक | ८४ | ४०५.४ | ५०७७ | ४४ | १८५.२ | २३३७ |
| खानीजन्य | ५ | ५९.६ | ५२७ | ११ | २८.१ | ८६७ |
| सेवा | ८९ | ७५४.४ | ४५९४ | १०६ | ४४७.२ | ३४९४ |
| पर्यटन | ८९ | ३९७.३ | ४०९३ | ८७ | १३०.२ | २६९६ |
| **कुल** | **३१७** | **१९९३.६** | **१६५६९** | **३०५** | **२०१०.७** | **११७३२** |

८. समीक्षा वर्षमा दर्ता भएका कुल ३०५ परियोजनाहरुमध्ये सेवा सम्बन्धी १०६, पर्यटन सम्बन्धी ८७, कृषि तथा वन सम्बन्धी ४७, उत्पादन सम्बन्धी ४४, खानी सम्बन्धी ११ र उर्जा सम्बन्धी १० रहेका छन् ।

अघिल्लो वर्ष स्वीकृत परियोजनाहरुमध्ये सेवा सम्वन्धी ८९ तथा पर्यटन सम्बन्धी ८९, उत्पादन सम्बन्धी ८४, कृषि तथा वन सम्बन्धी ४३, उर्जा सम्बन्धी ६, खानी सम्बन्धी ५ र निर्माण सम्बन्धी १ वटा परियोजनाहरु रहेका थिए । अघिल्लो वर्षको तुलनामा समीक्षा वर्षमा कृषि तथा वन, एवम् उर्जा सम्बन्धी परियोजना संख्या तथा लगानी रकम दुबैमा वृद्धि भएको छ भने उत्पादन, सेवा, खानी तथा पर्यटन सम्बन्धी परियोजनाको लगानी रकममा भारी गिरावट आएको छ ।

९. देशगत रुपमा विश्लेषण गर्दा समीक्षा अवधिमा सबैभन्दा बढी चीनबाट ११९, संयुक्त राज्य अमेरिकाबाट २८, भारतबाट २२ तथा दक्षिण कोरियाबाट २२, जापानबाट १५, संयुक्त अधिराज्यबाट १२ र अन्य देशहरुबाट ८७ गरी कुल ३०५ परियोजनाहरुलाई स्वीकृति प्रदान गरिएको छ । स्वीकृत परियोजनाहरुबाट कुल ११,७३२ जनाले प्रत्यक्ष रोजगारी पाउने अनुमान गरिएको छ ।

तालिकाः २

**प्रत्यक्ष वैदेशिक लगानी प्रतिवद्धता (मुलुक अनुसार)**

| मुलुक | आ.व. २०६९/७० | | | आ.व. २०७०/७१ | | |
|---|---|---|---|---|---|---|
| | परियोजना (सँख्यामा) | वैदेशिक लगानीको प्रतिवद्धता रकम (रु. करोडमा) | रोजगारी (सँख्यामा) | परियोजना (सँख्यामा) | वैदेशिक लगानीको प्रतिवद्धता रकम (रु. करोडमा) | रोजगारी (सँख्यामा) |
| चीन | ९७ | २७७.२ | ४९४३ | ११९ | ७३१.४ | ४६१८ |
| भारत | ४१ | २८०.९ | ३४७१ | २२ | ६५४.१ | २१०८ |
| जापान | १२ | ३०.१ | ४५० | १५ | ३२.२ | ३६५ |
| दक्षिण कोरिया | २३ | २६.४ | ८७६ | २२ | २०३.० | ५८१ |
| संयुक्त अधिराज्य | १० | ८.२ | ४३० | १२ | १४.९ | २८१ |
| संयुक्त राज्य अमेरिका | २४ | ३८.० | ८५३ | २८ | ५३.६ | ८५० |
| अन्य | ११० | १३३२.८ | ५५४६ | ८७ | ३२१.५ | २९२९ |
| **कुल** | **३१७** | **१९९३.६** | **१६५६९** | **३०५** | **२०१०.७** | **११७३२** |

## वैदेशिक रोजगार

१०. नेपाल सरकार, वैदेशिक रोजगार विभागले आर्थिक वर्ष २०७०/७१ मा कुल ५ लाख २७ हजार ८ सय १४ जनालाई वैदेशिक रोजगारीको लागि अन्तिम स्वीकृति प्रदान गरेको छ, जुन अघिल्लो वर्षको तुलनामा १६.४ प्रतिशतले बढी हो । अघिल्लो वर्ष उक्त विभागले कुल ४ लाख ५३ हजार ५ सय ४३ जनालाई यस्तो स्वीकृति प्रदान गरेको थियो ।

११. विगतमा जस्तै आर्थिक वर्ष २०७०/७१ मा नेपाली श्रमिकहरुको प्रमुख गन्तव्य मुलुकहरुमा मलेसिया र खाडी मुलुकहरु देखिएका छन् । समीक्षा वर्षमा कुल श्रमिकहरुमध्ये ४०.६ प्रतिशतले मलेशिया, २३.७ प्रतिशतले कतार, १६.४ प्रतिशतले साउदी अरब र १०.३ प्रतिशतले यू.ए.ई को लागि विभागबाट अन्तिम श्रम स्वीकृति लिएका छन् । समीक्षा वर्षमा वैदेशिक रोजगारको पहिलो गन्तव्य मलेशियाको लागि अन्तिम श्रम स्वीकृति लिने श्रमिकको संख्यामा अघिल्लो वर्षको तुलनामा ३६.७ प्रतिशतले तथा दोस्रो गन्तव्य कतारको लागि श्रम स्वीकृति लिनेको संख्यामा ३७.० प्रतिशतले वृद्धि भएको छ ।

तालिका: ३

**वैदेशिक रोजगारका लागि अन्तिम श्रम स्वीकृति लिने कामदारहरुको संख्या**

| गन्तव्य मुलुक | श्रम स्वीकृति लिनेको कुल संख्या | | | परिवर्तन प्रतिशत | | अंश |
|---|---|---|---|---|---|---|
| | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०६९/७० | २०७०/७१ | २०७०/७१ |
| मलेशिया | ९८३६७ | १५६७७० | २१४२७० | ५९.४ | ३६.७ | ४०.६ |
| कतार | १०५६८१ | ९०९३५ | १२५१७० | -१४.० | ३७.६ | २३.७ |
| साउदी अरब | ८०४५५ | ८६२७६ | ८६६५३ | ७.२ | ०.४ | १६.४ |
| यू.ए.ई. | ५४४८२ | ५२२९५ | ५४६२५ | -४.० | ४.५ | १०.३ |
| कुवेत | २४५७५ | १४४०१ | १९८६१ | -४१.४ | ३७.९ | ३.८ |
| बहराइन | ५८६५ | ३३९० | ४२६० | -४२.२ | २५.७ | ०.८ |
| ओमन | ३१६३ | ३११४ | ३३४५ | -१.५ | ७.४ | ०.६ |
| दक्षिण कोरिया | ५६२७ | ४२९९ | ५८११ | -२३.६ | ३५.२ | १.१ |
| अन्य | ६४५० | ४२०६३ | १३८१९ | ५५२.१ | -६७.१ | २.६ |
| **कुल** | **३८४६६५** | **४५३५४३** | **५२७८१४** | **१७.९** | **१६.४** | **१००.०** |


*स्रोत: नेपाल सरकार, वैदेशिक रोजगार विभाग ।*

नोट: आर्थिक वर्ष २०६८/६९ को तथ्याङ्कको अन्यमा वैधानिकीकरण गरिएको संख्या समावेश नगरिएको ।

# मुद्रास्फीति र तलब तथा ज्यालादर

## उपभोक्ता मुद्रास्फीति

१२. आर्थिक वर्ष २०७०/७१ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ९.१ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६९/७० मा यस्तो मुद्रास्फीति ९.९ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क ११.६ प्रतिशतले र गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क ६.८ प्रतिशतले वृद्धि भएकोले समग्रमा वार्षिक औसत मुद्रास्फीति अघिल्लो आर्थिक वर्षको तुलनामा केही घट्न गएको हो । अघिल्लो वर्षमा यी समूहहरुको मूल्य सूचकाङ्कको औसत वृद्धिदर क्रमशः ९.६ प्रतिशत र १०.० प्रतिशत रहेको थियो ।





१३. समीक्षा वर्षमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये तरकारी उप-समूहको वार्षिक औसत मूल्य वृद्धिदर सबैभन्दा बढी २०.५ प्रतिशत रहेको छ । अघिल्लो वर्षमा यस उप-समूहको मूल्य सूचकाङ्कको वार्षिक औसत वृद्धिदर ५.७ प्रतिशत मात्र रहेको थियो । यसैगरी, समीक्षा वर्षमा सुर्तीजन्य पदार्थ उप-समूह र मासु तथा माछा उप-समूहको मूल्य सूचकाङ्कमा वार्षिक औसत वृद्धिदर क्रमशः १८.८ प्रतिशत र १८.२ प्रतिशत रहेको छ । अघिल्लो वर्षमा ती उप-समूहहरुको वृद्धिदर क्रमशः १३.८ प्रतिशत र १४.४ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा मदिराजन्य पदार्थ उप-समूह र फलफूल उप-समूहको वार्षिक औसत मूल्य वृद्धिदर क्रमशः १६.९ प्रतिशत र १३.७ प्रतिशत रहेको छ । अघिल्लो वर्षमा ती उप-समूहहरुको वार्षिक औसत वृद्धिदर क्रमशः ८.० प्रतिशत र ६.३ प्रतिशत रहेको थियो । अघिल्लो वर्ष १३.७ प्रतिशतले वृद्धि भएको चिनी तथा मिठाई उप-समूहको वार्षिक औसत मूल्य सूचकाङ्क भने समीक्षा वर्षमा ३.८ प्रतिशतले घट्न गएको छ ।

१४. समीक्षा वर्षमा गैर-खाद्य तथा सेवा समूहका वस्तुहरुमध्ये लत्ता कपडा तथा जुत्ता-चप्पल उप-समूहको वार्षिक औसत मूल्य सूचकाङ्क सबैभन्दा बढी ११.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो आर्थिक वर्षमा उक्त उप-समूहको वृद्धिदर १२.१ प्रतिशत रहेको थियो । त्यस्तै, समीक्षा वर्षमा फर्निसिङ्ग तथा घरायसी उपकरण उप-समूह र शिक्षा उप-समूहको मूल्य सूचकाङ्कमा क्रमशः ९.२ प्रतिशत र ७.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर क्रमशः १३.३ प्रतिशत र १२.१ प्रतिशत रहेको थियो । त्यसैगरी, समीक्षा वर्षमा स्वास्थ्य उप-समूह र विविध वस्तु तथा सेवा उप-समूहको वार्षिक औसत मूल्य सूचकाङ्कमा समान ७.३ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर क्रमशः ६.८ प्रतिशत र १०.१ प्रतिशत रहेको थियो । अघिल्लो वर्ष २.० प्रतिशतले ह्रास भएको संचार उप-समूहको वार्षिक औसत मूल्य सूचकाङ्कमा समीक्षा वर्षमा ०.४ प्रतिशतले सामान्य वृद्धि भएको छ ।

१५. समीक्षा वर्षमा क्षेत्रगत वार्षिक औसत मूल्य सूचकाङ्क तराईमा ९.६ प्रतिशतले, काठमाडौं उपत्यकामा ९.१ प्रतिशतले र पहाडमा ८.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर तराईमा १०.२ प्रतिशत, काठमाडौं उपत्यकामा ९.७ प्रतिशत र पहाडमा ९.५ प्रतिशत रहेको थियो ।

## थोक मुद्रास्फीति

१६. आर्थिक वर्ष २०७०/७१ मा वार्षिक औसत थोक मूल्य सूचकाङ्क ८.३ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर ९.० प्रतिशत रहेको थियो । थोक मूल्य अन्तर्गत कृषिजन्य वस्तुहरुको वार्षिक औसत मूल्य सूचकाङ्क ११.३ प्रतिशतले, स्वदेशमा उत्पादित वस्तुहरुको वार्षिक औसत मूल्य सूचकाङ्क ६.० प्रतिशतले र आयातीत वस्तुहरुको वार्षिक औसत मूल्य सूचकाङ्क ४.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो बर्ष यी सूचकाङ्कहरुको वृद्धिदर क्रमशः १०.६ प्रतिशत, ५.२ प्रतिशत र ८.४ प्रतिशत रहेको थियो ।




## राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

१७. आर्थिक वर्ष २०७०/७१ मा वार्षिक औसत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क १३.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर ९.२ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क मध्ये तलव सूचकाङ्कको वार्षिक औसत वृद्धिदर २५.४ प्रतिशत रहेको र ज्यालादर सूचकाङ्कको वार्षिक औसत वृद्धिदर ११.१ प्रतिशत रहेको छ । अघिल्लो वर्ष तलव तथा ज्यालादर सूचकाङ्कमध्ये तलब सूचकाङ्कमा कुनै वृद्धि नभएतापनि ज्यालादर सूचकाङ्कको वृद्धिदर ११.५ प्रतिशत रहेको थियो । ज्यालादर सूचकाङ्क अन्तर्गत समीक्षा वर्षमा कृषि मजदूरको ज्यालादर सूचकाङ्कको वार्षिक औसत वृद्धिदर ८.७ प्रतिशत, औद्योगिक मजदूरको १८.१ प्रतिशत र निर्माण मजदूरको ६.६ प्रतिशत रहेको छ ।

# वाह्य क्षेत्र

## वैदेशिक व्यापार

१८. समीक्षा वर्षमा कुल वस्तु निर्यात १७.४ प्रतिशतले वृद्धि भई रु. ९० अर्ब २९ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो निर्यात ३.६ प्रतिशतले वृद्धि भई रु. ७६ अर्ब ९२ करोड रहेको थियो । समीक्षा वर्षमा भारत तथा अन्य मुलुक दुबैतर्फको निर्यातको वृद्धिदर अघिल्लो वर्षको तुलनामा उच्च रहेको कारण वस्तु निर्यातको वृद्धिदर बढेको हो ।




१९. कुल वस्तु निर्यातमध्ये भारततर्फको निर्यात समीक्षा वर्षमा १६.५ प्रतिशतले बढेको छ । यस्तो निर्यात अघिल्लो वर्ष २.८ प्रतिशतले बढेको थियो । त्यस्तै, अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्ष ५.२ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा १९.१ प्रतिशतले बढेको छ । अमेरिकी डलरमा अन्य मुलुकतर्फको वस्तु निर्यात अघिल्लो वर्षको ३.५ प्रतिशत ह्रासको विपरीत समीक्षा वर्षमा ७.० प्रतिशतले वृद्धि भई अमेरिकी डलर ३१ करोड ४९ लाख पुगेको छ । भारततर्फ मुख्यतयाः जिङ्क शिट, गिट्टी तथा बालुवा, जुस र अलैची लगायतका वस्तुहरुको निर्यात बढेको छ भने अन्य मुलुकतर्फ विशेषगरी ऊनी गलैंचा, तयारी पोशाक, जडीवुटी र पश्मिनाको निर्यातमा वृद्धि भएको छ ।

२०. समीक्षा वर्षमा कुल वस्तु आयात २७.३ प्रतिशतले बढेर रु. ७०८ अर्ब ७६ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आयात २०.६ प्रतिशतले वृद्धि भई रु. ५५६ अर्ब ७४ करोड रहेको थियो । भारत तथा अन्य मुलुक दुबैतर्फको आयात उच्च दरले बढेकोले कुल वस्तु आयातको वृद्धिदर अघिल्लो वर्षको तुलनामा समीक्षा वर्षमा उच्च रहन गएको हो ।

२१. कुल वस्तु आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्ष २२.६ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा २८.८ प्रतिशतको उच्च दरले बढेको छ । त्यसैगरी, अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्ष १६.९ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा २४.४ प्रतिशतले बढेको छ । अमेरिकी डलरमा अन्य मुलुकतर्फको वस्तु आयात अघिल्लो वर्षको ७.४ प्रतिशत वृद्धिको तुलनामा समीक्षा वर्षमा ११.७ प्रतिशतले वृद्धि भई अमेरिकी डलर २ अर्ब ४१ करोड पुगेको छ । भारतबाट मुख्यतयाः पेट्रोलियम पदार्थ, यातायातका साधन तथा पाटपूर्जा, हट रोल्ड शिट इन क्वायल र धागो लगायतका वस्तुहरुको आयात बढेको छ । अन्य मुलुकबाट विशेषगरी सुपारी, कच्चा सोयाविन तेल, चाँदी र पोलिथिन ग्रान्युयल्स लगायतको आयातमा वृद्धि भएको छ ।

२२. निर्यातको तुलनामा आयातको वृद्धिदर उच्च रहेको कारण समीक्षा वर्षमा वस्तु व्यापार घाटा २८.९ प्रतिशतले वृद्धि भई रु. ६१८ अर्ब ४७ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो घाटा २३.९ प्रतिशतले बढेको थियो । कुल वस्तु व्यापार घाटामध्ये भारतसँगको व्यापार घाटा समीक्षा वर्षमा ३०.८ प्रतिशतको उच्च दरले बढेको छ । अघिल्लो वर्ष भारतसँगको यस्तो घाटा २६.५ प्रतिशतले बढेको थियो । त्यस्तै, अघिल्लो वर्ष १९.० प्रतिशतले बढेको अन्य मुलुकसँगको व्यापार घाटा समीक्षा वर्षमा २५.३ प्रतिशतले बढेको छ ।

२३. समीक्षा वर्षमा निर्यात-आयात अनुपात १२.७ प्रतिशतमा झरेको छ । अघिल्लो वर्ष यस्तो अनुपात १३.८ प्रतिशत रहेको थियो । कुल व्यापारमा भारतको अंश अघिल्लो वर्ष ६६.० प्रतिशत रहेकोमा समीक्षा वर्षमा यस्तो अंश सीमान्त दरले बढी ६६.६ प्रतिशत पुगेको छ ।


## शोधनान्तर स्थिति

२४. आर्थिक वर्ष २०७०/७१ मा समग्र शोधनान्तर स्थिति रु. १२७ अर्ब १३ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षमा यस्तो बचत रु. ६८ अर्ब ९४ करोड रहेको थियो। समीक्षा वर्षमा चालू खाता रु. ८९ अर्ब ८५ करोडले बचतमा रहेको छ। अघिल्लो वर्ष यो खाता रु. ५७ अर्ब ६ करोडले बचतमा रहेको थियो। खासगरी विप्रेषण आप्रवाह, पर्यटन आय र अनुदानमा भएको उल्लेख्य वृद्धिका कारण समीक्षा वर्षमा चालू खाता बचत अघिल्लो वर्षको तुलनामा उच्च रहेको हो। अमेरिकी डलरमा समीक्षा वर्षमा चालू खाता बचत ९१ करोड ५ लाख डलर रहेको छ भने शोधानान्तर बचत १ अर्ब २९ करोड डलर रहेको छ। अघिल्लो वर्ष चालू खाता ६३ करोड ४६ लाख डलरले र शोधानान्तर स्थिति ७६ करोड ८० लाख डलरले बचतमा रहेको थियो।

२५. एफ.ओ.बी. मूल्यमा आधारित वस्तु व्यापार घाटा अघिल्लो वर्ष २३.६ प्रतिशतले बढेको तुलनामा समीक्षा वर्षमा २९.१ प्रतिशतले बढी रु. ५९५ अर्ब ४१ करोड पुगेको छ। समीक्षा वर्षमा खुद सेवा आय रु. २० अर्ब ८८ करोडले बचतमा रहेको छ। अघिल्लो वर्ष खुद सेवा आय रु. ७ अर्ब ५९ करोडले बचतमा रहेको थियो। त्यस्तै, खूद ट्रान्सफर आय अघिल्लो वर्षको १७.७ प्रतिशत वृद्धिको तुलनामा समीक्षा वर्षमा २६.९ प्रतिशतले बढी रु. ६३१ अर्ब ५० करोड पुगेको छ। ट्रान्सफर अन्तर्गतको विप्रेषण आप्रवाह अघिल्लो वर्षको २०.९ प्रतिशत वृद्धिको तुलनामा समीक्षा वर्षमा २५.० प्रतिशतले वृद्धि भई रु. ५४३ अर्ब २९ करोड पुगेको छ। अमेरिकी डलरमा विप्रेषण आय अघिल्लो वर्षको ११.७ प्रतिशत वृद्धिको तुलनामा समीक्षा वर्षमा १२.३ प्रतिशतले वृद्धि भई ५ अर्ब ५४ करोड डलर पुगेको छ। त्यसैगरी समीक्षा वर्षमा वित्तीय खाता अन्तर्गत रु. ३ अर्ब १९ करोड प्रत्यक्ष वैदेशिक लगानी प्राप्त भएको छ। अघिल्लो वर्ष यस्तो लगानी रु. ९ अर्ब ८ करोड प्राप्त भएको थियो।

## विदेशी विनिमय सञ्चिति

२६. २०७१ असार मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०७० असार मसान्तको रु. ५३३ अर्ब ३० करोडको तुलनामा २४.८ प्रतिशतले वृद्धि भई रु. ६६५ अर्ब ४१ करोड पुगेको छ। २०७० असार मसान्तमा यस्तो सञ्चिति २०६९ असार मसान्तको तुलनामा २१.४ प्रतिशतले बढेको थियो। कुल सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७० असार मसान्तको रु. ४५२ अर्ब ९९ करोडको तुलनामा २०७१ असार मसान्तमा २६.४ प्रतिशतले वृद्धि भई रु. ५७२ अर्ब ४० करोड पुगेको छ। अमेरिकी डलरमा भने बैंकिङ्ग क्षेत्रमा रहेको परिवर्त्य विदेशी मुद्रा सञ्चिति २०७० असारदेखि २०७१ असार मसान्तसम्ममा २२.९ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ५ अर्ब ३५ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो सञ्चिति १२.६ प्रतिशतले बढेको थियो। त्यसैगरी, समीक्षा वर्षमा अपरिवर्त्य भारतीय मुद्रा सञ्चिति २७.४ प्रतिशतले वृद्धि भई भा.रु. ९४ अर्ब ९४ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो सञ्चिति २३.४ प्रतिशतले बढेको थियो। आर्थिक वर्ष २०७०/७१ को आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तर ११.५ महिनाको वस्तु आयात र १०.० महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ।




## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

२७. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०७० असार मसान्तमा प्रति ब्यारल अमेरिकी डलर १०९.०५ रहेकोमा २०७१ असार मसान्तमा ४.० प्रतिशतले ह्रास आई प्रति ब्यारल अमेरिकी डलर १०४.७३ पुगेको छ। अर्कोतर्फ, सुनको मूल्य २०७० असार मसान्तमा १२८४.७५ अमेरिकी


डलर प्रति आउन्स रहेकोमा २०७१ असार मसान्तमा २.० प्रतिशतले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर १३१०.० कायम रहेको छ ।

२८. २०७० असार मसान्तको तुलनामा २०७१ असार मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ०.९ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ६.७ प्रतिशतले अवमूल्यन भएको थियो । २०७१ असार मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ९५.९० पुगेको छ । २०७० असार मसान्तमा उक्त विनिमय दर रु. ९५.० रहेको थियो ।

# सरकारी वित्त स्थिति *

### सरकारी राजस्व र वैदेशिक नगद अनुदान

२९. आर्थिक वर्ष २०७०/७१ मा नेपाल सरकारको राजस्व २०.५ प्रतिशतले वृद्धि भई रु. ३५६ अर्ब ६२ करोड पुगेको छ। उक्त राजस्व वार्षिक बजेटको लक्ष्य रु. ३५४ अर्ब ५० करोडको १००.६ प्रतिशत हुनआउँछ । अघिल्लो वर्ष नेपाल सरकारको राजस्व २१.२ प्रतिशतले वृद्धि भई रु. २९६ अर्ब १ करोड पुगेको थियो । समीक्षा वर्षमा राजस्व/कुल गार्हस्थ्य उत्पादन अनुपात १८.५ प्रतिशत पुगेको छ । आर्थिक वर्ष २०६९/७० मा यस्तो अनुपात १७.५ प्रतिशत रहेको थियो । विशेष गरी आयातमा भएको वृद्धिका कारण भन्सार राजस्वमा विस्तार आएको, आयकर राजस्वको विस्तार तथा मूल्य अभिवृद्धि करमा भएको वृद्धि तथा कर चुहावट नियन्त्रण एवं राजस्व प्रशासनमा भएको समग्र सुधारका कारण राजस्व परिचालनमा वृद्धि भएको हो ।




३०. राजस्वका शीर्षकहरूमध्ये मूल्य अभिवृद्धि कर समीक्षा वर्षमा २०.९ प्रतिशतले वृद्धि भई रु. १०० अर्ब ९७ करोड परिचालन भएको छ। अघिल्लो वर्ष सो राजस्व १५.७ प्रतिशतले वृद्धि भई रु. ८३ अर्ब ५१ करोड पुगेको थियो । मूल्य अभिवृद्धि कर चुहावट नियन्त्रण, मूल्य अभिवृद्धि कर प्रशासनमा भएका सुधारका साथै आन्तरिक उत्पादन, बिकी तथा सेवा बाट प्राप्त हुने मूल्य अभिवृद्धि कर राजस्वको वृद्धिदर बढ्न गएको कारण समीक्षा अवधिमा समग्र मूल्य अभिवृद्धि कर राजस्वको वृद्धिदरमा विस्तार भएको हो ।

३१. समीक्षा वर्षमा आयकर राजस्व १६.३ प्रतिशतले वृद्धि भई रु. ७७ अर्ब ९३ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो कर २८.१ प्रतिशतले वृद्धि भई रु. ६७ अर्ब २ करोड पुगेको थियो । आयकर प्रशासनमा भएको सुधार, कर चुहावट नियन्त्रण र करदाता शिक्षाको सकारात्मक प्रभावका कारण आयकर राजस्वमा वृद्धि भएको हो ।

३२. समीक्षा वर्षमा भन्सार महसूलबाट प्राप्त हुने राजस्व १९.३ प्रतिशतले वृद्धि भई रु. ६७ अर्ब ८८ करोड पुगेको छ । अघिल्लो वर्ष सो राजस्व ३१.१ प्रतिशतले वृद्धि भई रु. ५६ अर्ब ८९ करोड पुगेको थियो । सवारी साधन तथा पार्टपूर्जा, इन्धन, फलाम तथा इस्पात लगायतका वस्तुहरुको आयातबाट प्राप्त हुने भन्सार राजस्वमा विस्तार भएको कारण भन्सार राजस्वमा वृद्धि भएको हो ।

* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरु, सरकारी कारोबार गर्ने राष्ट्रिय वाणिज्य बैंकका ६६ वटा शाखाहरु, नेपाल बैंक लिमिटेडका ४४ वटा शाखाहरु, एभरेष्ट बैंक लिमिटेडका ९ वटा शाखाहरु, ग्लोबल आईएमई बैंक लिमिटेडका ४ वटा शाखाहरु, नेपाल वंगलादेश बैंक लिमिटेड, एनएमबी बैंक लिमिटेड र बैक अफ काठमाडौको १/१ शाखाबाट प्राप्त विवरणको आधारमा तयार गरिएको । त्यसैगरी जिल्लास्थित ७९ वटै कोष तथा लेखा नियन्त्रण कार्यालयहरु र भुक्तानी केन्द्रहरुबाट प्राप्त निकाशा विवरणमा आधारित रहेको छ ।

३३. समीक्षा वर्षमा अन्तःशुल्क परिचालनमा २३.८ प्रतिशतले वृद्धि भई रु. ४५ अर्ब ४० करोड पुगेको छ। अघिल्लो वर्ष अन्तःशुल्क २०.६ प्रतिशतले वृद्धि भई रु. ३६ अर्ब ६६ करोड पुगेको थियो। उच्च अन्तःशुल्क लाग्ने बस्तुहरुको आयातमा भएको वृद्धिको साथै आन्तरिक उत्पादनबाट प्राप्त हुने अन्तःशुल्क राजस्वमा समेत विस्तार आएकोले समग्र अन्तःशुल्क राजस्वको वृद्धिदरमा विस्तार आएको हो।

३४. समीक्षा वर्षमा कुल राजस्व परिचालनमा मूल्य अभिवृद्धि करको अंश सवैभन्दा बढी अर्थात् २८.३ प्रतिशत रहेको छ। त्यसपछि क्रमशः आयकर (२१.८ प्रतिशत), भन्सार (१९.० प्रतिशत) र अन्तःशुल्क (१२.७ प्रतिशत) को अंश रहेको छ। अघिल्लो वर्ष यी अनुपातहरु क्रमशः २८.२ प्रतिशत, २२.६ प्रतिशत, १९.२ प्रतिशत र १२.४ प्रतिशत रहेका थिए।

३५. समीक्षा वर्षमा गैर-कर राजस्व परिचालन २३.८ प्रतिशतले वृद्धि भई रु. ४५ अर्ब ५ करोड पुगेको छ। अघिल्लो वर्ष गैर-कर राजस्वमा ३.७ प्रतिशतले कमी आई रु. ३६ अर्ब ४० करोड रहेको थियो। समीक्षा अवधिमा सार्वजनिक संस्थानहरुबाट प्राप्त हुने लाभांश तथा राहदानी वापतको शुल्कमा वृद्धि भएकोले गैर-कर राजस्वको वृद्धिदरमा विस्तार आएको हो।

३६. समीक्षा वर्षमा कुल राजस्वमा कर राजस्वको अंश ८७.४ र गैर-कर राजस्वको अंश १२.६ प्रतिशत रहेको छ। त्यस्तै, कर राजस्वमा प्रत्यक्ष कर राजस्वको अंश ३१.० र अप्रत्यक्ष कर राजस्वको अंश ६९.० प्रतिशत रहेको छ। अघिल्लो वर्ष कुल राजस्वमा कर राजस्वको अंश ८७.७ र गैर-कर राजस्वको अंश १२.३ प्रतिशत रहेको थियो भने कर राजस्वमा प्रत्यक्ष कर राजस्वको अंश ३१.७ र अप्रत्यक्ष कर राजस्वको अंश ६८.३ प्रतिशत रहेको थियो।

३७. आर्थिक वर्ष २०७०/७१ मा नगद प्रवाहमा आधारित वैदेशिक अनुदान रु. ३६ अर्ब ९४ करोड प्राप्त भएको छ। अघिल्लो वर्ष यस्तो वैदेशिक अनुदान रु. २४ अर्ब ४३ करोड प्राप्त भएको थियो।

## सरकारी खर्च

३८. आर्थिक वर्ष २०७०/७१ मा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च १५.७ प्रतिशतले वृद्धि भई रु. ४१५ अर्ब ५८ करोड पुगेको छ। अघिल्लो वर्ष कुल सरकारी खर्च १२.३ प्रतिशतले वृद्धि भई रु. ३५९ अर्ब ४ करोड पुगेको थियो। चालू तथा पूँजीगत दुवै खर्चमा वृद्धि भएको कारण कुल सरकारी खर्चको वृद्धिदर बढ्न गएको हो।




३९. आर्थिक वर्ष २०७०/७१ मा नगद प्रवाहमा आधारित चालू खर्च अघिल्लो वर्षको ३.१ प्रतिशत वृद्धिको तुलनामा २१.० प्रतिशतले वृद्धि भई रु. २९४ अर्ब ७२ करोड पुगेको छ। चालू खर्च बजेट अनुमानको ८३.४ प्रतिशत भएको छ। नयाँ दरबन्दी थप भएको, कर्मचारीहरुको तलब भत्तामा वृद्धि भएको, बढ्दो सञ्चालन खर्च तथा संविधानसभा निर्वाचन सम्पन्न गर्न भएको खर्च लगायतको कारण चालू खर्चमा वृद्धि भएको हो।

४०. समीक्षा वर्षमा नगद प्रवाहमा आधारित पूँजीगत खर्च अघिल्लो वर्षको तुलनामा १९.० प्रतिशतले वृद्धि भई रु. ६० अर्ब ९५ करोड पुगेको छ। अघिल्लो वर्ष पूँजीगत खर्च १२.७ प्रतिशतले वृद्धि भएको थियो। पूँजीगत खर्च बजेट अनुमानको ७१.६ प्रतिशत भएको छ। चालू वर्षको वार्षिक बजेट समयमा सार्वजनिक हुनुको साथै बजेट खर्च गर्ने अख्तियारी एवम् कार्यक्रमको स्वीकृति समेत समयमा नै प्रदान भएको कारण पूँजीगत खर्चमा वृद्धि भएको हो।

४१. आर्थिक वर्ष २०७०/७१ मा नगद प्रवाहमा आधारित वित्तीय व्यवस्था अन्तर्गतको खर्च अघिल्लो वर्षको ५६.३ प्रतिशत वृद्धिको तुलनामा १४.८ प्रतिशतले वृद्धि भई रु. ५९ अर्ब ७८ करोड पुगेको छ । उक्त रकम बजेट अनुमानको ७५.९ प्रतिशत हुन आउँछ ।

### बजेट घाटा/बचत

४२. आर्थिक वर्ष २०७०/७१ मा नगद प्रवाहमा आधारित बजेट रु. १२ अर्ब ६ करोडले घाटामा रहेको छ । आर्थिक वर्ष २०६९/७० मा यस्तो बजेट रु. ३१ अर्ब २१ करोडले घाटामा रहेको थियो । आर्थिक वर्ष २०७०/७१ मा कुल गार्हस्थ्य उत्पादनसँग नगद प्रवाहमा आधारित बजेट घाटाको अनुपात ०.६ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६९/७० मा सो अनुपात १.८ प्रतिशत रहेको थियो ।

### न्यून वित्त पूर्तिका स्रोतहरु

४३. आर्थिक वर्ष २०७०/७१ मा कुल आन्तरिक ऋण रु. १९ अर्ब ९८ करोड परिचालन भएको छ। कुल गार्हस्थ्य उत्पादनसँग कुल आन्तरिक ऋणको अनुपात १.० प्रतिशत रहेको छ । अघिल्लो वर्ष रु. १९ अर्ब ४ करोड बराबरको आन्तरिक ऋण परिचालन भएको थियो ।

४४. समीक्षा वर्षमा रु. २५ अर्ब १७ करोड आन्तरिक ऋणको भुक्तानी भएको र नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग रु. २५ अर्ब १९ करोड (आर्थिक वर्ष २०६९/७० मा बचत रहेको रु. १८ करोड ४५ लाख समेत) नगद मौज्दात रहेको छ ।


४५. आर्थिक वर्ष २०७०/७१ को असार मसान्तसम्ममा नेपाल सरकारको कुल तिर्न बाँकी आन्तरिक ऋण रु. २०१ अर्ब ८२ करोड रहेकोमा नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग रहेको नगद मौज्दात रु. २५ अर्ब १९ करोड समायोजन गर्दा कुल तिर्न बाँकी आन्तरिक ऋण रु. १७६ अर्ब ६३ करोड रहेको छ ।

४६. आर्थिक वर्ष २०७०/७१ मा वैदेशिक नगद ऋण रु. १५ अर्ब ८ करोड प्राप्त भएको छ। अघिल्लो वर्ष यस्तो ऋण रु. ९ अर्ब ५४ करोड प्राप्त भएको थियो ।

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

४७. आर्थिक वर्ष २०७०/७१ मा विस्तृत मुद्राप्रदाय १९.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष उक्त मुद्राप्रदाय १६.४ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा खुद वैदेशिक सम्पत्ति उल्लेख्य रुपमा बढेकोले विस्तृत मुद्राप्रदायको वृद्धिदर केही उच्च रहेको हो । त्यसैगरी, समीक्षा अवधिमा संकुचित मुद्राप्रदाय १७.७ प्रतिशतले बढेको छ, जुन अघिल्लो वर्ष १४.४ प्रतिशतले बढेको थियो ।



चार्ट ९: मौद्रिक स्थिति (वार्षिक)

४८. समीक्षा वर्षमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. १२७ अर्ब १३ करोड (२७.२ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु. ६८ अर्ब ९४ करोड (१८.० प्रतिशत) ले बढेको थियो । समीक्षा अवधिमा विप्रेषण आप्रवाहका साथै वैदेशिक सहायता रकममा उल्लेख्य वृद्धि भएकोले खुद वैदेशिक सम्पत्ति बढेको हो ।

## कुल आन्तरिक कर्जा


४९. आर्थिक वर्ष २०७०/७१ मा कुल आन्तरिक कर्जा १२.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष उक्त कर्जा १७.२ प्रतिशतले मात्र बढेको थियो । समीक्षा अवधिमा सरकारतर्फको खुद दाबी घटेकोले कुल आन्तरिक कर्जाको वृद्धिदरमा कमी आएको हो । समीक्षा वर्षमा निजी क्षेत्रतर्फको कर्जा १८.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त कर्जा २०.२ प्रतिशतले बढेको थियो ।

## सञ्चित मुद्रा

५०. अघिल्लो वर्ष १०.९ प्रतिशतले वृद्धि भएको सञ्चित मुद्रा समीक्षा वर्षमा २३.३ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकको खुद वैदेशिक सम्पत्ति बढेकोले सञ्चित मुद्रा बढेको हो ।

## बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालनको स्थिति

५१. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन १८.४ प्रतिशत (रु. २१८ अर्ब ६८ करोड) ले वृद्धि भएको छ । अघिल्लो वर्ष निक्षेप परिचालन १७.४ प्रतिशत (रु. १७६ अर्ब २७ करोड) ले बढेको थियो । समीक्षा वर्षमा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको निक्षेप परिचालन क्रमशः १७.८ प्रतिशत, २९.१ प्रतिशत ५.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष वाणिज्य बैंक र विकास बैंकहरुको निक्षेप परिचालन क्रमशः १७.९ प्रतिशत र २७.१ प्रतिशतले बढेको थियो भने वित्त कम्पनीहरुको निक्षेप परिचालन ९.६ प्रतिशतले घटेको थियो ।



चार्ट १०: निक्षेप तथा कर्जा वृद्धिदर स्थिति (वार्षिक)

## बैंक तथा वित्तीय संस्थाहरुको कर्जा प्रवाहको स्थिति

५२. आर्थिक वर्ष २०७०/७१ मा बैंक तथा वित्तीय संस्थाहरुको कर्जा तथा लगानी १४.४ प्रतिशत (रु. १६५ अर्ब ४८ करोड) ले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो कर्जा तथा लगानी १८.६ प्रतिशत (रु. १८० अर्ब २० करोड) ले बढेको थियो । समीक्षा वर्षमा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको कर्जा तथा लगानी क्रमशः १३.७ प्रतिशत, २७.० प्रतिशत र ४.३ प्रतिशतले बढेको छ । त्यसैगरी, समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १८.७ प्रतिशत (रु. १७६ अर्ब १४ करोड) ले बढेको छ । अघिल्लो वर्ष यस्तो कर्जा २०.८ प्रतिशत (रु. १६१ अर्ब ९२ करोड) ले बढेको थियो । समीक्षा वर्षमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरुको कर्जा प्रवाह १८.७ प्रतिशत र विकास बैंकहरुको २९.३ प्रतिशतले बढेको छ भने वित्त कम्पनीहरुको २.१ प्रतिशतले घटेको छ ।

५३. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कर्जामध्ये औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा रु. ३२ अर्ब १० करोडले बढेको छ । अघिल्लो वर्ष उक्त क्षेत्रतर्फको कर्जा रु. ३४ अर्ब २१ करोडले बढेको थियो । त्यसैगरी, अघिल्लो वर्ष कृषि क्षेत्रतर्फको कर्जा रु. १० अर्ब ९९ करोडले बढेको तुलनामा समीक्षा वर्षमा रु. ११ अर्ब १३ करोडले बढेको छ । समीक्षा अवधिमा निर्माण क्षेत्रतर्फको कर्जा रु. २३ अर्ब ४९ करोडले, थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रु. ४५ अर्ब ९४ करोडले र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा रु. ३ अर्ब ४५ करोडले बढेको छ । अघिल्लो वर्ष उक्त क्षेत्रहरुमा प्रवाहित कर्जा क्रमशः रु. १३ अर्ब ५३ करोड, रु. ३६ अर्ब ९० करोड र रु. ७ अर्ब ७५ करोडले बढेको थियो ।

### तरलता व्यवस्थापन

५४. आर्थिक वर्ष २०७०/७१ मा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर ३ अर्ब ५२ करोड खुद खरिद गरी रु. ३४३ अर्ब ४६ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ। अघिल्लो वर्ष विदेशी विनिमय बजारबाट अमेरिकी डलर ३ अर्ब २२ करोड खुद खरिद गरी रु. २८५ अर्ब ३ करोडको खुद तरलता प्रवाह भएको थियो।

५५. समीक्षा अवधिमा अमेरिकी डलर ३ अर्ब १४ करोड बिक्री गरी रु. ३०७ अर्ब ९८ करोड बराबरको भा.रु. खरिद भएको छ। अघिल्लो वर्ष अमेरिकी डलर ३ अर्ब १२ करोड बिक्री गरी रु. २७४ अर्ब ४४ करोड बराबरको भा.रु. खरिद भएको थियो।

५६. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुमा विद्यमान अधिक तरलतालाई खुला बजार कारोबारमार्फत् प्रशोचन गरिएको छ। यस अवधिमा रिभर्स रिपोमार्फत् पटक-पटक गरी रु. ६०२ अर्ब ५० करोड र सोझै बिक्री बोल-कबोलमार्फत् रु. ८ अर्ब ५० करोड बराबरको तरलता प्रशोचन गरिएको छ। अघिल्लो वर्ष सोझै बिक्री बोल-कबोलमार्फत् रु. ८ अर्ब ५० करोड बराबरको तरलता प्रशोचन गरिएको थियो।

### अन्तर-बैंक कारोबार र स्थायी तरलता सुविधाको उपयोग

५७. आर्थिक वर्ष २०७०/७१ मा वाणिज्य बैंकहरुले रु. २०० अर्ब ७६ करोड र अन्य वित्तीय संस्थाहरू (विकास बैंक र वित्त कम्पनीहरु) ले रु. १७१ अर्ब ६ करोड बराबरको अन्तर-बैंक कारोबार गरेका छन्। अघिल्लो वर्ष वाणिज्य बैंकहरु र अन्य वित्तीय संस्थाहरूले क्रमशः रु. ७२५ अर्ब ७७ करोड र रु. १८४ अर्ब ५८ करोड बराबरको यस्तो कारोबार गरेका थिए। समीक्षा अवधिमा स्थायी तरलता सुविधाको भने उपयोग भएको छैन।


### ब्याजदर

५८. २०७० असारको तुलनामा २०७१ असारमा ९१-दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर र अन्तर-बैंक कारोबारको ब्याजदरहरुमा कमी आएको छ। ९१-दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर २०७० असारमा १.१९ प्रतिशत रहेकोमा २०७१ असारमा ०.०२ प्रतिशत कायम रहेको छ। त्यसैगरी, वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७० असारमा ०.८६ प्रतिशत रहेकोमा २०७१ असारमा उक्त ब्याजदर ०.१६ प्रतिशत रहेको छ। अन्य वित्तीय संस्थाहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७० असारमा ५.०३ प्रतिशत रहेकोमा २०७१ असारमा २.४० प्रतिशत रहेको छ।

५९. ब्याजदर अन्तर गणना गर्ने संशोधित विधि अनुसार २०७१ असार महिनामा वाणिज्य बैंकहरुको भारित औसत ब्याजदर अन्तर ५.१५ प्रतिशत (कृषि विकास बैंक लिमिटेड बाहेक) रहेको छ। त्यसैगरी, वाणिज्य बैंकहरुको औसत आधार दर २०७० असारको ९.८३ प्रतिशतको तुलनामा २०७१ असार महिनामा ८.३६ प्रतिशत कायम हुन आएको छ।

# धितोपत्र बजार


६०. आर्थिक बर्ष २०७०/७१ मा धितोपत्र बजारमा उल्लेख्य सुधार भएको छ । नेप्से सूचकाङ्क वार्षिक विन्दुगत आधारमा ९९.९ प्रतिशतले वृद्धि भई २०७१ असार मसान्तमा १०३६.१ विन्दुमा पुगेको छ । सो सूचकाङ्क अघिल्लो वर्षको सोही अवधिमा ३३.० प्रतिशतले वृद्धि भई २०७० असार मसान्तमा ५१८.३ विन्दु कायम भएको थियो । २०७० असार मसान्तमा १३०.३ विन्दुमा रहेको नेप्से सेन्सिटिभ सूचकाङ्क २०७१ असार मसान्तमा २२२.५ पुगेको छ । त्यसैगरी NEPSE Float Index ७९.० प्रतिशतले वृद्धि भई २०७० असार मसान्तको ३५.८ बाट २०७१ असार मसान्तमा ६४.१ कायम रहेको छ ।



चार्ट ११: नेप्से परिसूचक (२०७०/७१)

६१. आर्थिक बर्ष २०७०/७१ मा धितोपत्र बजार कारोबार रकममा पनि उल्लेख्य वृद्धि भएको छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा आर्थिक वर्ष २०६९/७० मा रु. २२ अर्ब ५ करोड बराबरको धितोपत्र कारोबार भएकोमा आर्थिक बर्ष २०७०/७१ मा यस्तो कारोबारमा ४७.९ प्रतिशतको उच्च वृद्धि भई रु. ७७ अर्ब २६ करोड पुगेको छ ।

६२. २०७१ असार मसान्तमा बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा १०५.५ प्रतिशतले वृद्धि भई रु. १०५७ अर्ब १७ करोड पुगेकोछ । परिणामस्वरुप २०७१ असार मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ५४.८ प्रतिशत रहेको छ । २०७० असार मसान्तमा यस्तो अनुपात ३०.४ प्रतिशत रहेको थियो । बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरु (बीमा कम्पनी समेत) को ७७.६ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको १.९ प्रतिशत, होटलहरुको २.४ प्रतिशत, व्यापारिक संस्थाहरुको ०.१ प्रतिशत, जलविद्युतको ८.७ प्रतिशत र अन्यको ९.३ प्रतिशत अंश रहेको छ ।



चार्ट १२: सूचीकृत कम्पनीहरुको बजार पूँजीकरण (२०७०/७१)

६३. सूचीकृत कम्पनीहरुको चुक्ता पूँजीको वार्षिक वृद्धिदर १६.२ प्रतिशत रही २०७१ असार मसान्तमा रु. १४६ अर्ब ५२ करोड पुगेको छ । आर्थिक बर्ष २०७०/७१ मा रु. ७ अर्ब ५८ करोड ५२ लाख बराबरको साधारण शेयर, रु. ७ अर्ब १० करोड ३० लाख बराबरको बोनस शेयर र रु. ६ अर्ब ३ करोड ३७ लाख बराबरको हकप्रद शेयर नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा थप सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो । यसैगरी समीक्षा वर्षमा रु. २ अर्ब ३० करोड बराबरको वाणिज्य बैंकहरुले जारी गरेको ऋणपत्र पनि नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत भएको छ ।

६४. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत भएका कम्पनीहरुको संख्या २०७१ असार मसान्तमा २३७ पुगेको छ । २०७० असार मसान्तमा यो संख्या २३० रहेको थियो । सूचीकृत कम्पनीहरुमध्ये २०४ वटा बैंक तथा वित्तीय संस्था (बीमा कम्पनी समेत), १८ वटा उत्पादन र प्रशोधन गर्ने उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था ५ वटा जल विद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन ।

**बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति**

६५. नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरुको संख्या २०७० असार मसान्तको २०७ बाट घटेर २०७१ असार मसान्तमा २०४ रहेको छ । बैंक तथा वित्तीय संस्थाहरु एक-आपसमा गाभ्ने/गाभिने सम्बन्धी विनियमावली, २०६८ जारी भएपछि कुल ६४ वटा बैंक तथा वित्तीय संस्थाहरु गाभिएर २५ वटा संस्था बनेकाले बैंक तथा वित्तीय संस्थाहरुको कुल संख्या घट्न गएको हो । जस अनुसार २०७१ असार मसान्तमा वाणिज्य बैंकहरुको संख्या ३० रहेको छ भने विकास बैंक, वित्त कम्पनी र लघु वित्त विकास बैंकहरुको संख्या क्रमशः ८४, ५३ र ३७ रहेको छ ।

६६. २०७० असार मसान्तसम्ममा वाणिज्य बैंकहरुको शाखा संख्या १४८६, विकास बैंकको ७६४, वित्त कम्पनीको २४२ र लघुवित्त संस्थाको ६४६ रहेकोमा २०७१ असार मसान्तसम्ममा वाणिज्य बैंकहरुको शाखा संख्या १५४७, विकास बैंकको ८१८, वित्त कम्पनीको २३९ तथा लघुवित्त संस्थाको शाखा संख्या ८२६ पुगेको छ । यसबाट प्रति बैंक तथा वित्तीय संस्था शाखाबाट औसतमा करीब ७,७२४ जनसंख्याले सेवा प्राप्त गरेको देखिन्छ ।

तालिकाः ४

**बैंक तथा वित्तीय संस्थाहरुको संख्या**

| बैंक तथा वित्तीय संस्थाहरु | २०७० असार मसान्त | | २०७१ असार मसान्त | |
|---|---|---|---|---|
| | बैंक तथा वित्तीय संस्थाको संख्या | शाखा संख्या | बैंक तथा वित्तीय संस्थाको संख्या | शाखा संख्या |
| वाणिज्य बैंक | ३१ | १४८६ | ३० | १५४७ |
| विकास बैंक | ८६ | ७६४ | ८४ | ८१८ |
| वित्त कम्पनी | ५९ | २४२ | ५३ | २३९ |
| लघुवित्त विकास बैंक | ३१ | ६४६ | ३७ | ८२६ |
| **जम्मा** | **२०७** | **३१३८** | **२०४** | **३४३०** |